## यस अभियानमा कसको कसको सरोकार हुनेछ ?

### स्थानीय स्तरमा

* विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्यारालिगल कमिटी, राज्यका सुरक्षा तथा प्रशासनिक निकाय, राजनैतिक पार्टीहरू, बालक्लब, स्थानीय समुदायमा आधारित संघ-संस्थाहरू, विद्यालयका शिक्षकहरू, गाउँ शिक्षा समिति, गाउँ समन्वय समिति लगायत स्थानीय समुदायको सहभागिता रहने छ ।

### जिल्ला स्तरमा

* जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय, जिल्ला बालकल्याण समिति र गैसस महासंघ जिल्ला शाखा काभ्रे, सामाजिक संस्था जिल्ला समन्वय समिति (DCCSO) काभ्रे, राजनैतिक पार्टीहरू र जिल्लास्तरका प्रशासनिक निकायहरूको स्तरमा सहभागिता रहनेछ ।

## पहिलो चरणमा के कस्ता क्रियाकलापहरू सञ्चालन हुनेछन् ?

यो अभियानलाई पहिलो वर्ष सन् २००६ सेप्टेम्बर देखि प्रारम्भ गरी २००७ जुनको अन्त्यसम्म यूनिसेफ नेपालको सहयोगमा काभ्रेपलान्चोक जिल्लामा सञ्चालित बालबालिका तथा महिलाहरूका लागि विकेन्द्रीत कार्यक्रम (डकाव कार्यक्रम) लागू भएका ६ वटा गाविसहरूमा निम्न क्रियाकलापहरू सञ्चालन हुनेछन् ।

### पैरवी कार्यक्रम

* सरोकारवाला निकायहरूका बीच जिल्लास्तरीय परामर्श गोष्ठी
* स्थानीय स्तरमा विद्यालय शान्तिक्षेत्र अभियान सचेतना नियमित अभियान
* शान्ति बुलेटिन प्रकाशन तथा वितरण
* सन्दर्भ सामग्री प्रकाशन तथा वितरण (ब्रोसर, पोष्टर, पर्चा र हाते पुस्तिका आदि )

### समुदाय परिचालन तथा सवलीकरण कार्यक्रम

* विद्यालय शान्तिक्षेत्र सम्बन्धी जिल्लास्तरीय तालिम
* विद्यालय शान्तिक्षेत्र सम्बन्धी आचारसंहिता तर्जुमा र अनुगमन
* विद्यालय शान्तिक्षेत्रसम्बन्धी अभिमुखीकरण




* विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्यारालिगल कमिटी, राजनैतिक पार्टीका प्रतिनिधिहरू, बालक्लब, स्थानीय समुदायमा आधारित संघ-संस्थाहरू, विद्यालय शिक्षकहरू, गाउँ शिक्षा समिति, गाउँ समन्वय समिति, राजनैतिक दलहरूको लागि तालिम, अभिमुखीकरण तथा परिचालन कार्यक्रम

## प्रमुख उपलब्धिहरू र यसका सूचकहरू के के हुने छन् ?

यो अभियान सञ्चालन भएको १० महिनापछि कार्यक्रम लक्षित क्षेत्रमा प्रमुखरूपमा निम्न उपलब्धिका सूचकहरू देखिने छन्:

* यस अभियानमा स्थानीयस्तरदेखि जिल्लास्तरका सम्पूर्ण सरोकारवाला निकायहरूको सहभागिता र क्रियाशीलता रहने छ ।
* विद्यालय शान्तिक्षेत्र बनाउन राजनैतिक दल, प्रशासनिक निकाय, सुरक्षा निकाय र अभिभावकवर्गहरू तथा विद्यालयसँग सम्बन्धित सरोकारवालाहरू प्रतिबद्ध हुनेछन् ।
* स्थानीय स्तरका सर्वपक्षीय सहभागितामा विद्यालय शान्तिक्षेत्रसम्बन्धी व्यावहारिक आचारसंहिताको निर्माण हुनेछ र आचारसंहिताको अनुगमन पनि स्थानीयस्तरबाट नै हुँदै जानेछ ।
* अभियानले लक्षित गरेका विद्यालयहरूमा बालबालिकाको लागि शान्तिपूर्ण र बालमैत्रीपूर्ण व्यवहारहरू हुनेछन् ।
* विद्यालयमा गएका बालबालिकाहरू भयरहित वातावरणमा विद्यालयमा पढ्ने र आफूलाई सुरक्षित अनुभूति गर्नेछन् । यस पछिका दिनहरूमा बालबालिकाहरू विद्यालयमा भर्ना हुने र नियमित सहभागिता हुने क्रम क्रमशः वृद्धि हुँदै जानेछ ।

विस्तृत जानकारीका लागि सम्पर्क :

**पार्टनरसीप नेपाल, काठमाण्डौ**

सम्पर्क फोन : ०१६२२२८९४

**विद्यालय शान्तिक्षेत्र अभियान, काभ्रे**

सम्पर्क फोन : ०११-४९०४७४

**युनिसेफ नेपाल मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जावलाखेल**

सम्पर्क फोन : ०१-५५२४९९१

**युनिसेफ नेपाल जिल्ला फिल्ड कार्यालय धुलिखेल, काभ्रे**

सम्पर्क फोन ०११-४९०१६०




# विद्यालय शान्तिक्षेत्र अभियान

"शिक्षा पाउनु प्रत्येक बालबालिकाको अधिकार हो"

## विद्यालयलाई शान्तिक्षेत्र बनाऔं !




पार्टनरसीप नेपाल      युनिसेफ